नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

पत्र सं.:- ०७९/८०
चलानी नं.:- २६९

मितिः- २०७९/०९/२४

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको च.नं. २०० मिति २०७९/०८/२७ को समपूरक तथा विशेष अनुदानको सूचना सम्बन्धी पत्र र सो पत्रसाथ प्राप्त कागजातहरु आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..................
चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

**(समपूरक तथा विशेष अनुदान शाखा)**

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- 2079/80
चलानी संख्या:- 280

**मिति:** २०७९/०८/२७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषय:** समपूरक तथा विशेष अनुदान सूचना सम्बन्धमा ।

उपर्युक्त विषयमा समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट आ.व. २०८०/८१ मा संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्तावसहित विवरण तयार गरी २०७९ पौष १ गतेदेखि पौष मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको यससम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मार्फत माग गर्ने तपसिल बमोजिमको सूचना मिति २०७९/०८/१९ को गोरखापत्र राष्ट्रिय दैनिक तथा राष्ट्रिय योजना आयोगको वेबसाईट (www.npc.gov.np) मा प्रकाशन भएको व्यहोरा अनुरोध छ। उक्त सूचना साबिकमाझैं सबै स्थानीय तहमा जानकारी हुन आवश्यक व्यवस्थाका लागि तहाँ प्रेषित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

2079/08/27

(रमेश पराजुली)
योजना अधिकृत

**पुनश्च:**

तहाँ मन्त्रालयसँग रहेको सबै स्थानीय तहको अद्यावधिक (updated) ईमेल ठेगाना (email address), प्रमुख प्रशासकीय अधिकृतको सम्पर्क फोन नम्बर; csgrants@npc.gov.np, ramesh.parajuli@npc.gov.np मा प्रेषित गरिदिनुहुन निर्देशानुसार सादर अनुरोध छ ।

**तपसिल:**

आ. व. २०८०/८१ का लागि प्रदेश सरकार र स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको सूचना: (पाना-८)

फोन: ०१-४२११०३२, ४२११९३२, ४२११००४, फ्याक्स: ०१-४२११७००, ईमेल: npc@npc.gov.np, वेब: www.npc.gov.np

**आ. व. २०८०/८१ का लागि प्रदेश सरकार र स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको सूचना**

**(प्रकाशित मिति: २०७९/०८/१९)**

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत आ.व. २०८०/८१ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरणहरु तयार गरी २०७९ पौष मसान्त भित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको यससम्बन्धी विद्युतीय (अनलाईन) प्रणालीमार्फत मात्र राष्ट्रिय योजना आयोगमा पठाउनुहुन सबै प्रदेश तथा स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेश सरकारबाट संचालन हुने आयोजना/कार्यक्रमको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ। आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारी उल्लिखित कार्यविधिहरूबाट प्राप्त गर्न सकिनेछ। आवश्यक सूचना तथा फाईलहरु www.csgrants.gov.np बाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं. ०१-४२११०२३, ०१-४२११०३४ र इमेल मार्फत (csgrants@npc.gov.np) सम्पर्क गर्न सकिनेछ।

समपूरक र विशेष अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रक्रिया यस प्रकार रहेको छ।

१. प्रदेश सरकार तथा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) को लागि लग-इन गर्ने विवरणहरु तत् तत् निकायहरूलाई राष्ट्रिय योजना आयोगबाट यस अगाडि उपलब्ध गराईसकिएको छ। कुनै कारणवश Login credentials हरू reset गर्न आवश्यक भएमा सम्बन्धित निकायले csgrants@npc.gov.np मा आधिकारिक ईमेलमार्फत पत्राचार गर्न सक्नेछन। यस सम्बन्धी वेबसाइट www.csgrants.gov.np मा समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोल्ने र विवरणहरु भरी पेश गर्ने।

२. आयोजना/कार्यक्रम प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगले कार्यान्वयनमा ल्याएको विद्युतीय प्रणाली www.csgrants.gov.np बाट विवरणहरु अनलाईनमा भरी तोकिएको समयावधि (पौष १ गते देखि पौष मसान्तसम्म) प्रस्ताव गर्नुपर्नेछ। उल्लेखित कागजातहरु अनलाईनमा पेश गर्न नसकिने (प्रत्येक फाईल 1 mb भन्दा ठूलो) भएमा त्यसको सारांश तयार गरी पेश गर्नु पर्नेछ। राष्ट्रिय योजना आयोगले आवश्यक भएमा उक्त कागजातको प्रतिलिपी मगाउन सक्नेछ।

३. आयोजना प्रस्ताव सम्बन्धी अन्य जानकारीको लागि संलग्न फाईलहरू हेर्न सकिनेछ।
   (क) समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७
   (ख) विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७
   (ग) आयोजना विवरण वेबसाईटमा भर्ने प्रयोगकर्ता पुस्तिका (User Manual)

(अ) समपूरक अनुदान

**समपूरक अनुदान प्रस्ताव सम्बन्धी शर्तहरुः**

**१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछः**

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | क. पर्यटन पूर्वाधार निर्माण आयोजना/ कार्यक्रम |
| २. | कृषि भूमिसुधार तथा वन क्षेत्र | क. कृषि उपजको भण्डारण गृह तथा शीतगृह सम्बन्धी आयोजना/ कार्यक्रम<br>ख. नवीनतम् प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई तथा नदी नियन्त्रण आयोजना/कार्यक्रम<br>ग. वन, वातावरण तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धी आयोजना/कार्यक्रम |
| ३. | पूर्वाधार क्षेत्र | क. ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकासका लागि कार्यान्वयन गरिने नमुना आवास आयोजना/कार्यक्रम<br>ख. मझौला तथा ठूला पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम<br>ग. सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधि पूर्वाधार निर्माणसँग सम्बन्धी आयोजना/कार्यक्रम<br>घ. स्थानीय ग्रामिण वा कृषि सडक, जल मार्ग, शहरी सडक वा प्रदेश लोकमार्ग सम्बन्धित सडक आयोजना<br>ङ. विद्युत सेवाबाट वञ्चित रहेका तथा राष्ट्रिय प्रसारण लाईनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण आयोजना/कार्यक्रम |
| ४. | सामाजिक क्षेत्र | क. प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण सम्बन्धी आयोजना कार्यक्रम<br>ख. स्वास्थ्य चौकी अस्पताल तथा सोसँग सम्बन्धी पूर्वाधार निर्माण आयोजना/कार्यक्रम<br>ग. खानेपानी सम्बन्धी आयोजना/ कार्यक्रम<br>घ. नवीनतम् प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम |
| ५ | सुशासन तथा अन्य क्षेत्र | क. स्थानीय तहको वडा कार्यालय रहने भवन निर्माण आयोजना/कार्यक्रम<br>ख. जोखिमयुक्त वस्ती स्थानान्तरण सम्बन्धी आयोजना/कार्यक्रम,<br>ग. विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम<br>घ. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम |

**२. समपूरक अनुदानको लागि आयोजना कार्यक्रमको कूल लागत बजेट सीमा आयोजना अवधि र प्रस्ताव पेश गर्ने समय सीमा**

(क) गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना कार्यक्रमको कूल लागत अनुमान एक करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्म

(ख) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना कार्यक्रमको कूल लागत अनुमान पाँच करोड रुपैयाँदेखि पच्चिस करोड रुपैयाँसम्म

(ग) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना कार्यक्रमको कूल लागत अनुमान बीस करोड रुपैयाँदेखि एक अर्ब रुपैयाँसम्म

(घ) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाको वार्षिक अनुमानित खर्चमा कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित प्रदेश वा स्थानीय तहबाट सहलगानीको रुपमा छुट्याएको हुनु पर्नेछ।

(ङ) समपूरक अनुदानको लागि रकम माग गर्ने आयोजना कार्यक्रम बढीमा ३ वर्षमा सम्पन्न हुनु पर्नेछ।

**३. समपूरक अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने विवरण तथा कागजातहरु कागजातहरु**

(क) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report )

(ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरिङ्ग डिजाईन वा ड्रइङ्ग डिजाइन/स्पेशिफिकेशन सहितको विस्तृत प्रतिवेदन

(ग) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(घ) आयोजनाको कूल लागत अनुमान सारांश (Summary of Cost Estimate)

(ङ) आयोजनाको कार्यान्वयन र संञ्चालनबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको विश्लेषण प्रतिवेदन

(च) प्रदेशको हकमा मन्त्रिपरिषद् र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तह कार्यपालिकाले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

**४. विवरणहरु**

(क) आयोजना/कार्यान्वयन र सञ्चालनबाट लाभान्वित हुने जनसंख्याको विवरण; लाभग्राही लक्षित विपन्न, दलित, तथा अन्य अल्पसंख्यक वर्गको विवरण

(ख) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपनाको अनुमानित विवरण

(ग) आयोजना निर्माण कार्यान्वयन/ सञ्चालन गर्दा उपयोग हुने स्थानीय श्रोत साधनको विवरण

(घ) आयोजना/कार्यक्रम नेपाल सरकारको वर्तमान नीति तथा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहको नीति तथा कार्यक्रम वार्षिक कार्यक्रम र प्राथमिकतामा परेको पुष्टयाईंको विवरण

(ङ) आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहको पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको पुष्टयाईंको विवरण

(च) आयोजनाले सम्बन्धित प्रदेश वा स्थानीय तहको जनताको आयस्तर, रोजगारी सृजना वा गरीबी निवारणमा योगदान पुऱ्याउने पुष्टयाईंको विवरण

(छ) आयोजनाको कार्यान्वयनको लागि वित्तीय तथा भौतिक क्षमता, कच्चा पदार्थ र जनशक्ति उपलब्ध रहेको पुष्टयाईंको विवरण

(ज) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण

(झ) आयोजना/कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण; प्रदेश सरकारबाट प्रदान गरिने समपूरक अनुदानको लागि समेत कार्यक्रम/आयोजना प्रस्ताव गर्ने भए त्यसको विवरण

(ञ) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा

(ट) क्रमागत आयोजना/कार्यक्रमको लागि प्रस्ताव गर्दा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण अनिवार्य रुपमा विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

**५. आयोजना प्रस्ताव गर्दा निम्न लिखित शर्तहरु पुरा भएको घोषणा गर्नुपर्नेछ।**

| क्र.सं. | शर्तहरु |
|---|---|
| १. | आयोजनाको कूल लागत निर्धारित सीमाभित्र रहेको (गाउँपालिका वा नगरपालिकाका लागि रु.१ करोडदेखि १० करोडसम्म, उपमहानगरपालिका वा महानगरपालिकाका लागि रु. ५ करोड देखि २५ करोड सम्म र प्रदेशको लागि २० करोड देखि १ अर्ब सम्म)। |
| २. | आयोजना अवधि बढीमा ३ वर्ष भएको। |
| ३. | बुंदा नं १ मा उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको (खुलाउनुपर्ने)। |
| ४. | आयोजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्ट्याँई भएको। |
| ५. | आयोजना कार्यक्रम कार्यान्वयनका लागि वित्तीय तथा भौतिक क्षमता, कच्चा पदार्थ र जनशक्तिको उपलब्धता रहेको। |
| ६. | प्रदेश वा स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको। |
| ७. | जनताको आयस्तर तथा गरिबी निवारणमा योगदान पुऱ्याउने। |
| ८. | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेटमा परेको। |
| ९. | स्थानीय सीप स्रोत र साधनको उपयोग हुने। |
| १०. | सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले कुल लागत अनुमानको कम्तिमा ५० प्रतिशत रकम विनियोजन गरेको। |
| ११. | नेपाल सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको। |
| १२. | आयोजनाको विस्तृत प्रतिवेदन ड्रइङ्ग डिजाइन स्केच भएको। |
| १३. | आयोजनाको सम्भाव्यता अध्ययन भएको। |
| १४. | प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) आवश्यक पर्ने भएमा सोको मूल्यांकन भएको। |
| १५. | वार्षिक लागत सहित आयोजनाको कार्यान्वयन योजना भएको। |
| १६. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको। |
| १७. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको। |
| १८. | स्थानीय तहको हकमा अधिकतम पाँचवटा सम्म आयोजनाहरू (क्रमागत समेत) प्रस्तावको रुपमा पेश गर्न सकिनेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ। सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ। |
| १९. | प्रदेश सरकारको हकमा अधिकतम पन्ध्रवटा सम्म आयोजनाहरू (क्रमागत समेत) प्रस्ताव गर्न सकिनेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ। सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ। |
| २०. | बुँदा नं १८ र १९ मा उल्लेख भए बमोजिमको संख्यामा आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आ.व. २०७८/७९ तथा आ.व.२०७९/८० मा समपूरक अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरूलाई |

| | |
|---|---|
| | अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गर्नुपर्नेछ । त्यस्ता आयोजना/ कार्यक्रमको लागि स्वत: बजेट विनियोजन हुनेछैन । |
| २१. | अघिल्ला आ.व.हरूमा अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका अधुरा आयोजना (जुन श्रोत उपलब्ध भएमा आ.व. २०८०/८१ मा सम्पन्न हुनसक्छन्) को हकमा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले नयाँ आयोजना प्रविष्टि गर्दा कोष्ठकमा "क्रमागत आयोजना" लेखी पहिलो प्राथमिकता तोकेर माग गरेमा अनुदान उपलब्ध गराउँदा उच्च प्राथमिकता दिईनेछ । |

## विशेष अनुदान

**(आ) विशेष अनुदान प्रस्ताव सम्बन्धी शर्तहरुः**

**१. विशेष अनुदानको लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछः**

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १. | शिक्षा | न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकासका लागि सो क्षेत्रमा सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम |
| २. | स्वास्थ्य | बाल मृत्यूदर तथा मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम |
| ३. | खानेपानी | दुर्गम तथा आर्थिक रुपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम |
| ४. | समावेशीकरण तथा मूलप्रवाहीकरण | अल्पसंख्यक, सिमान्तकृत वर्ग एवम् दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकासका लागि तथा महिला, बालबालिका, यौनिक/लैंगिक अलपसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक लक्षित गरी सञ्चालन गरिने आयोजना/कार्यक्रम |
| ५. | तहगत सन्तुलन | प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना/कार्यक्रम |
| ६. | खाद्य सुरक्षा तथा पोषण | खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने आयोजना/कार्यक्रम |
| ७. | फोहोरमैला व्यवस्थापन | आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम |
| ८. | विपद् व्यवस्थापन तथा अन्य | विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजना/कार्यक्रम |

**२. विशेष अनुदानको लागि आयोजना कार्यक्रमको कूल लागत बजेट सीमा, आयोजना अवधि र प्रस्ताव पेश गर्ने समय सीमा**

(क) गाउँपालिकाबाट कार्यान्वयन गरिने आयोजना कार्यक्रमको कूल लागत अनुमान एक ५० लाखदेखि ५ करोड रुपैयाँसम्म

(ख) नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना कार्यक्रमको कूल लागत अनुमान एक ५० लाखदेखि १० करोड रुपैयाँसम्म

(ग) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना कार्यक्रमको कूल लागत अनुमान ५० लाखदेखि १५ करोड रुपैयाँसम्म

(घ) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना कार्यक्रमको कूल लागत अनुमान १० करोड रुपैयाँदेखि ३० करोड रुपैयाँसम्म

(ङ) विशेष अनुदानको लागि रकम माग गर्ने आयोजना कार्यक्रम बढीमा ३ वर्षमा सम्पन्न हुनु पर्नेछ।

**(च) विशेष अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने विवरण तथा कागजातहरु**

(क) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report )

(ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरिङ्ग डिजाइन वा ड्रइङ्ग डिजाइन/स्पेशिफिकेशन सहितको विस्तृत प्रतिवेदन वा पूर्वाधार बाहेकका आयोजनाहरुमा आयोजना/कार्यक्रमको कार्यान्वयन ढाँचा र समय तालिका

(ग) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(घ) आयोजनाको कूल लागत अनुमान सारांश (Summary of Cost Estimates)

(ङ) आयोजनाको कार्यान्वयन र सञ्चालनबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको विश्लेषण प्रतिवेदन

(च) प्रदेशको हकमा मन्त्रिपरिषद् र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तह कार्यपालिकाले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

(छ) प्रदेश सरकारबाट प्रदान गरिने विशेष अनुदानको लागि समेत कार्यक्रम/आयोजना प्रस्ताव गर्ने भए त्यसको विवरण

(ज) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण

(झ) क्रमागत आयोजना/कार्यक्रमको लागि प्रस्ताव गर्दा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण अनिवार्य रुपमा विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

**(छ) विवरणहरु**

(क) आयोजना कार्यान्वयन र सञ्चालनबाट लाभान्वित हुने जनसंख्याको विवरण

(ख) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपनाको अनुमानित विवरण

(ग) आयोजना निर्माण/कार्यान्वयन/सञ्चालन गर्दा उपयोग हुने स्थानीय श्रोत, साधन परिचालनको विवरण

(घ) आयोजना/कार्यक्रम नेपाल सरकारको वर्तमान नीति तथा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहको नीति तथा कार्यक्रम वार्षिक कार्यक्रम र प्राथमिकतामा परेको पुष्टयाईंको विवरण

(ङ) आयोजना/कार्यक्रमले सम्बन्धित प्रदेश वा स्थानीय तहको जनताको आयस्तर वा गरीबी निवारणमा योगदान पुर्याउने पुष्टयाईंको विवरण

(च) आयोजना/कार्यक्रमको कार्यान्वयनको लागि वित्तीय तथा भौतिक क्षमता र जनशक्ति उपलब्ध रहेको पुष्टयाईंको विवरण

(छ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण

**(ज) आयोजना/कार्यक्रम प्रस्ताव गर्दा निम्न लिखित शर्तहरु पुरा भएको घोषणा गर्नुपर्नेछ।**

| क्र.सं. | शर्तहरु |
|---|---|
| १. | आयोजना/कार्यक्रमको कूल लागत सीमाभित्र रहेको (प्रदेशको हकमा कम्तिमा रू. १० करोड र बढीमा रु. ३० करोड सम्म तथा स्थानीय तहको हकमा कम्तिमा रू. ५० लाख र बढीमा गाउँपालिकाको हकमा पाँच करोड रुपैयाँ, नगरपालिकाको हकमा दश करोड रुपैयाँ र उपमहानगरपालिका वा महानगरपालिकाको हकमा पन्ध्र करोड रुपैयाँ सम्म) |

| | |
|---|---|
| २. | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्ट्याँई भएको । |
| ३. | आयोजना/कार्यक्रम कार्यान्वयनका लागि वित्तीय तथा भौतिक क्षमता र जनशक्तिको उपलब्धता रहेको। |
| ४. | बुँदा नं ५ मा उल्लिखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको । (खुलाउनु पर्ने) |
| ५. | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेटमा परेको । |
| ६. | नेपाल सरकारको प्राथमिकतामा परेको । |
| ७. | पूर्वाधार निर्माण सम्बन्धि आयोजना/कार्यक्रमको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, ड्रइङ्ग, डिजाइन, स्केच भएको । |
| ८. | आयोजनाको सम्भाव्यता अध्ययन भएको । |
| ९. | प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) आवश्यक पर्ने भएमा सोको मूल्यांकन भएको । |
| १०. | आयोजना/कार्यक्रमको प्रस्ताव तयार भएको । |
| ११. | वार्षिक लागत सहित आयोजना/कार्यक्रमको कार्यान्वयन योजना भएको । |
| १२. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको । |
| १३. | आयोजना अवधि बढीमा ३ वर्ष भएको । |
| १४. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको । |
| १५. | स्थानीय तहहरूले बहुवर्षीय आयोजना सहित अधिकतम पाँचवटा सम्म आयोजनाहरू प्रस्ताव गर्नुपर्नेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ । सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ । |
| १६. | प्रदेशहरूको हकमा बहुवर्षीय आयोजना सहित अधिकतम दशवटा सम्म आयोजनाहरू प्रस्ताव गर्नुपर्नेछ र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गर्नुपर्नेछ ।सोही प्राथमिकताका आधारमा स्रोतको उपलब्धता हेरी आयोजना/कार्यक्रम छनौट गरिनेछ । |
| १७. | बुँदा नं १५ र १६ मा उल्लेख भए बमोजिमको संख्यामा आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आ.व. २०७८/७९ तथा आ.व.२०७९/८० मा विशेष अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरूलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गर्नुपर्नेछ । त्यस्ता आयोजना/ कार्यक्रमको लागि स्वत: बजेट विनियोजन हुनेछैन । |
| १८. | अघिल्ला आ.व.हरूमा अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका अधुरा आयोजना (जुन श्रोत उपलब्ध भएमा आ.व. २०८०/८१ मा सम्पन्न हुनसक्छन्) को हकमा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले नयाँ आयोजना प्रविष्टि गर्दा कोष्ठकमा "क्रमागत आयोजना" लेखी पहिलो प्राथमिकता तोकेर माग गरेमा अनुदान उपलब्ध गराउँदा उच्च प्राथमिकता दिईनेछ । |

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौँ

## प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८०/८१ का लागि सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७९।०८।१९)

समपूरक अनुदान सम्वन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्वन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम प्रदेश र स्थानीय तहबाट आ.व. २०८०/८१ मा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरूका लागि प्रस्ताव सहित विवरण तयार गरी २०७९ पौष मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको यस सम्वन्धी विद्युतीय (अनलाइन) प्रणालीमार्फत मात्र माग गर्न सबै प्रदेश तथा स्थानीय तहको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्ताव पेस गर्दा प्रदेशको हकमा सम्बन्धित मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेस गर्नुपर्नेछ । आयोजना प्रस्ताव सम्बन्धी सर्त, आवश्यक कागजात, सूचना तथा फाइलहरू आयोगको वेबसाइट www.npc.gov.np मा उपलब्ध छन् । यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा आयोगको टेलिफोन नं.: ०१-४२११०२३, ०१-४२११०३४ र इमेल मार्फत (csgrants@npc.gov.np) मा सम्पर्क गर्न सकिनेछ ।

आयोजना तथा कार्यक्रम प्रस्ताव अनलाइन प्रणालीमा प्रविष्ट गर्न सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहका लागि लग-इन गर्ने विवरणहरू आयोगबाट यस अगाडि नै उपलब्ध गराइसकिएको छ । यस सम्बन्धी वेबसाइट www.csgrants.gov.np मा गई समपूरक तथा विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने लिङ्क खोली विवरण भरी पठाउनुपर्नेछ ।